# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०७।२० गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

आ.व. २०७१।७२ मा मालपोत कार्यालय, पर्साको रजिष्ट्रेशन फाँट "ग" का कर्मचारीहरुको मिलेमतोमा जग्गा किनवेचका क्रममा बिभिन्न लिखतबाट उठेको राजस्व रकम (रजिष्ट्रेशन दस्तुर र पुँजीगत लाभकर) नियमानुसार दाखिला नगरी हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा मालपोत कार्यालय, पर्साबाट आ.व. २०७१।७२ मा जग्गा किनबेचको क्रममा एकै रजिष्ट्रेशन नम्बर राखी लिखतहरु पारित गरी उठाएको राजस्व दाखिला नगरी हिनामिना गरेको भ्रष्टाचारजन्य कसुरमा संलग्न देहाय बमोजिमका कर्मचारीहरुलाई देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

**देहाय:**

क. **मालपोत कार्यालय, पर्साका तत्कालीन मालपोत अधिकृत हरिनारायण मिश्र**ले आ.व. २०७१।७२ मा मालपोत कार्यालय, पर्साको फाँट "ग" को एकै रजिष्ट्रेशन नम्बरको एकभन्दा बढी लिखत पारित गरेको र सोमध्ये बढी राजस्व रकम उठेको लिखतको विवरण रजिष्ट्रेशन लिखत दर्ता किताबमा प्रविष्टि गरी किताबमा प्रमाणित गर्नुपर्नेमा रजिष्ट्रेशन दर्ता किताव प्रमाणित नगरी निजको हस्ताक्षरबाट पारित भएका लिखतबाट संकलन भएको रु.२,०९,३१,६४७।— राजस्व रकम चुहावट गरेको देखिँदा निजउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र सोको खण्ड (ग) बमोजिमको कसुरमा रु.२,०९,३१,६४७।— (दुई करोड नौ लाख एकतीस हजार छ सय सतचालीस रुपैंया) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरेबमोजिम निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जरिवाना र दफा ३ को उपदफा (१) को देहाय खण्ड (झ) बमोजिम कैद सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम राजस्व हिनामिना भएको रकम रु.२,०९,३१,६४७।—को दोव्वर जरिवाना हुन समेतको मागदावी लिइएको छ।

ख. **मालपोत कार्यालय, पर्साका तत्कालीन मालपोत अधिकृत भुप बहादुर बोगटी**ले आ.व. २०७१।७२ मा मालपोत कार्यालय, पर्साको फाँट "ग" को एकै रजिष्ट्रेशन नम्बरको एकभन्दा बढी लिखत पारित गरेको र लिखतहरु दर्ता किताबमा प्रविष्टि गरी प्रमाणित गर्नुपर्नेमा रजिष्ट्रेशन दर्ता किताव प्रमाणित नगरी निजको हस्ताक्षरबाट पारित भएका लिखतबाट संकलन भएको रु.१,४९,६९,१४५।— राजस्व रकम चुहावट गरेको देखिँदा निजउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र सोको खण्ड (ग) बमोजिमको कसुरमा रु.१,४९,६९,१४५।- (एक करोड उनान्पचास लाख उनान्सत्तरी हजार एक सय पैंतालीस रुपैंया) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरेबमोजिम निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जरिवाना र दफा ३ को उपदफा (१) को देहाय खण्ड (झ) बमोजिम कैद सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम राजस्व हिनामिना भएको रकम रु.१,४९,६९,१४५।- को दोव्वर जरिवाना हुन समेतको मागदावी लिइएको छ।

ग. **मालपोत कार्यालय, पर्साका तत्कालीन मालपोत अधिकृत गोपाल बहादुर ढुंगाना**ले आ.व. २०७१।७२ मा मालपोत कार्यालय, पर्साको फाँट "ग" को एकै रजिष्ट्रेशन नम्बरको एकभन्दा बढी लिखत पारित गरेको र लिखतहरु दर्ता किताबमा प्रविष्टि गरी प्रमाणित गर्नुपर्नेमा रजिष्ट्रेशन दर्ता किताव प्रमाणित नगरी निजको हस्ताक्षरबाट पारित भएका लिखतबाट संकलन भएको रु.३५,४५,९५०।— राजस्व रकम चुहावट गरेको देखिँदा निजउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र सोको खण्ड (ग) बमोजिमको कसुरमा रु.३५,४५,९५०।- (पैंतीस लाख पैंतालीस हजार नौ सय पचास रुपैंया) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरेबमोजिम

निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जरिवाना र दफा ३ को उपदफा (१) को देहाय खण्ड (छ) बमोजिम कैद सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम राजस्व हिनामिना भएको रकम रु.३५,४५,९५०।- को दोव्वर जरिवाना हुन समेतको मागदावी लिइएको छ।

घ. **मालपोत कार्यालय, पर्साका तत्कालीन मालपोत अधिकृत पदम प्रसाद अर्याल**ले आ.व. २०७१।७२ मा मालपोत कार्यालय, पर्साको फाँट "ग" को एकै रजिष्ट्रेशन नम्बरको एकभन्दा बढी लिखत पारित गरेको र पारित लिखतहरु दर्ता किताबमा प्रविष्टि गरी प्रमाणित गर्नुपर्नेमा रजिष्ट्रेशन दर्ता किताव प्रमाणित नगरी निजको हस्ताक्षरबाट पारित भएका लिखतबाट संकलन भएको रु.१६,८१,६००।— राजस्व रकम चुहावट गरेको देखिँदा निजउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र सोको खण्ड (ग) बमोजिमको कसुरमा रु.१६,८१,६००।- (सोह्र लाख एक्कासी हजार छ सय रुपैंया) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरेबमोजिम निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जरिवाना र दफा ३ को उपदफा (१) को देहाय खण्ड (च) बमोजिम कैद सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम राजस्व हिनामिना भएको रकम रु.१६,८१,६००।- को दोव्वर जरिवाना हुन समेतको मागदावी लिइएको छ।

ङ. **मालपोत कार्यालय, पर्साका तत्कालीन मालपोत अधिकृत चन्द्र बहादुर भण्डारी**ले आ.व. २०७१।७२ मा मालपोत कार्यालय, पर्साको फाँट "ग" को एकै रजिष्ट्रेशन नम्बरको एकभन्दा बढी लिखत पारित गरेको र पारित लिखतहरु दर्ता किताबमा प्रविष्टि गरी प्रमाणित गर्नुपर्नेमा रजिष्ट्रेशन दर्ता किताव प्रमाणित नगरी निजको हस्ताक्षरबाट पारित भएका लिखतबाट संकलन भएको रु.२,४४,४६२।— राजस्व रकम चुहावट गरेको देखिँदा निजउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र सोको खण्ड (ग) बमोजिमको कसुरमा रु.२,४४,४६२।- (दुई लाख चौवालीस हजार चार सय बैसठ्ठी रुपैंया) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरे बमोजिम निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिम जरिवाना र दफा ३ को उपदफा (१) को देहाय खण्ड (घ) बमोजिम कैद सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम राजस्व हिनामिना भएको रकम रु.२,४४,४६२।- को दोव्वर जरिवाना हुन समेतको मागदावी लिइएको छ।

च. **मालपोत कार्यालय, पर्साका तत्कालीन कम्प्यूटर अधिकृत कमोद तिवारी**ले आ.व. २०७१।७२ मा मालपोत कार्यालय, पर्साको फाँट "ग" को एकै रजिष्ट्रेशन नम्बरको एकभन्दा बढी लिखत पारित गरेको र प्रत्येक दिन दर्ता भएका लिखतहरु दर्ता किताबमा प्रविष्टि गरी प्रमाणित गर्नुपर्नेमा रजिष्ट्रेशन दर्ता किताव प्रमाणित नगरी निजको हस्ताक्षरबाट पारित भएका लिखतबाट संकलन भएको रु.१,४१,४७,१७१।— राजस्व रकम चुहावट गरेको देखिँदा निजउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र सोको खण्ड (ग) बमोजिमको कसुरमा रु.१,४१,४७,१७१।- (एक करोड एकचालीस लाख सठ्चालीस हजार एक सय एकहत्तर रुपैंया) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरेबमोजिम निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जरिवाना र दफा ३ को उपदफा (१) को देहाय खण्ड (झ) बमोजिम कैद सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम राजस्व हिनामिना भएको रकम रु.१,४१,४७,१७१।- को दोव्वर जरिवाना हुन समेतको मागदावी लिइएको छ।

छ. **मालपोत कार्यालय, पर्साका तत्कालीन नायव सुब्बा किरण प्रसाद उपाध्याय**ले आ.व. २०७१।७२ मा मालपोत कार्यालय, पर्साको रजिष्ट्रेशन फाँट "ग" को फाँटवालाको हैसियतले एकै रजिष्ट्रेशन नम्बरको एकभन्दा बढी लिखत पारित गरी बढी राजस्व रकम उठेको लिखतहरुको विवरण रजिष्ट्रेशन लिखत दर्ता किताबमा प्रविष्टिसमेत नगरी उक्त लिखतबाट उठेको रु.५,५५,१९,९७५।—राजस्व रकम चुहावट गरेको देखिँदा निज उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र सोको खण्ड (ग) बमोजिमको कसुरमा रु.५,५५,१९,९७५।— (पाँच करोड पचपन्न लाख उन्नाइस हजार नौ सय पचत्तर रुपैंया) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरेबमोजिम निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिम जरिवाना र दफा ३ को उपदफा (१) को देहाय खण्ड (झ) बमोजिम कैद सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम राजस्व हिनामिना भएको रकम रु.५,५५,१९,९७५।—को दोव्वर जरिवाना हुन समेतको मागदावी लिनुपर्ने

देखिएतापनि निजको मृत्यु भइसकेकोले फौजदारी न्यायको मान्य सिद्धान्त बमोजिम निजउपर फौजदारी कसुरमा सजाय मागदावी लिनुपर्ने अवस्था नरहेता पनि निजउपर फौजदारी कार्यविधि, २०७४ को दफा १३३ को उपदफा (२) र दफा १५८ को उपदफा (२), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (क) र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ बमोजिम मरेको व्यक्तिको हकमा समेत मुद्दा चलाउन र सरकारी वा निजी बिगो, क्षतिपूर्ति वा रकम भराउन सकिने कानुनी व्यवस्था रहेकोले निजको श्रीमतीको समेत मृत्यु भइसकेको र **निजको अंश खाने अंशियार छोराहरु राज किशोर प्रसाद उपाध्याय, गौतम प्रसाद उपाध्याय, पशुपती प्रसाद उपाध्याय र मुरारी प्रसाद उपाध्याय देखिएको हुँदा स्व. किरण प्रसाद उपाध्याय**ले जिवित अवस्थामा माथि उल्लिखित कसुर गरी नेपाल सरकारलाई हानिनोक्सानी गरेको बिगो रु.५,५५,१९,९७५।—दामासाहिले असुलउपर गर्ने प्रयोजनको लागि मात्र प्रतिवादी कायम गरिएको।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया